NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

The Banker — Bank of the Year 2013 NEPAL
The Banker — Bank of the Year 2007 NEPAL
ISO 9001 Certified Bank

**प्रेस विज्ञप्ति**

**भाद्र १०, २०८१**

**Best In Digital Banking Award एन आई सी एशिया बैंकलाई**

2nd ICC Emerging Asia Banking Awards अन्तर्गतको Best In Digital Banking Award एन आई सी एशिया बैंकले प्राप्त गरेको छ । 'डिजिटल फस्ट बैंक' बन्ने दीर्घकालीन रणनीति अनुरुप सम्पूर्ण बैंकिङ्ग सेवाहरू क्रमिक रुपले डिजिटल माध्यममा रुपान्तरण गरिरहेको यस बैंकलाई प्राप्त उक्त पुरस्कारले Digital Banking मा अझ बढी उत्प्रेरणा प्रदान गरेको छ ।

इण्डियन चेम्बर अफ कमर्सको 2nd ICC Emerging Asia Banking Awards अन्तर्गत २०२४ अगष्ट २३ मा भारतको नयाँ दिल्लीमा आयोजना गरिएको 'बैंकिङ्ग कनक्लेभ २०२४' कार्यक्रममा यस बैंकलाई उक्त अवार्ड प्रदान गरिएको थियो । यस अवार्डमा विमस्टेक अन्तर्गतका राष्ट्रहरु नेपालसहित भारत, श्रीलंका, भुटान, म्यानमार लगायतका देशहरुका बैंकहरुले प्रतिस्पर्धा गरेका थिए । यी देशका बैंकहरुले विभिन्न आठ विधामा प्रतिस्पर्धा गरेका थिए, जसमा नेपालबाट यस बैंकले उक्त अवार्ड प्राप्त गर्न सफल भएको हो । यस अवार्डमा उत्कृष्ट बैंक छनौट गर्नका लागि इण्डियन च्याम्बर अफ कमर्स अन्तर्गतको आर्थिक मामिला तथा नीति विभागले विभिन्न १७ वटा सूचकहरु निर्धारण गरेको थियो ।

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

अर्जुन राज खनिया
सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)